नेपाल सरकार

श्रम तथा रोजगार मन्त्रालय

## वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

**आज मिति २०७२/४/११ का दिन (आ.व.०७२।७३ को) बसेको वोर्डको बैठकवाट भएका निर्णयहरू :-**

१ **प्रस्ताव नं १ बिदेशमा अलपत्र परेका कामदारको उद्धार तथा मृत्यु भएका कामदारको शव ल्याउने सम्वन्धी कार्यविधि, २०७२ को मस्यौदा सम्वन्धमा :-**

बिदेशमा अलपत्र परेका कामदारको उद्धार तथा मृत्यु भएका कामदारको शव ल्याउने कार्यलाई व्यवस्थित गर्ने सम्वन्धमा आवश्यक तयारी गरी सुझाव पेश गर्न देहाय अनुसारको संस्थागत प्रतिनिधित्व हुने गरी सुझाव तथा सिफारिश समिति गठन गर्ने ।

परराष्ट्र मन्त्रालय
अर्थ मन्त्रालय
कानून न्याय तथा संसदीय मामीला तथा संविधानसभा मन्त्रालय
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार बिभाग
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
वैदेशिक रोजगार व्यवसायी संघ

२ **प्रस्ताव नं. २ बोर्डको विगत तीन आर्थिक वर्षको आम्दानी खर्च विवरण सम्वन्धमा :-**

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयवाट आर्थिक वर्ष ०६९।०७०, ०७०।०७१ र ०७१।०७२ को आम्दानी तथा चालू र पूँजीगत खर्चको देहाय अनुसार रहेको व्यहोरा जानकारी भयो ।

| आ.व. | बोर्डको आम्दानी | खर्च रकम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | चालू खर्च | पूँजीगत खर्च | कार्यक्रम खर्च | जम्मा खर्च | |
| ०६९।७० | ७९३३८५१३६।४८ | ८४५५७८३।०० | ९३२९६२।३० | १६२८९३२८५।१४ | १७२२८२०३०।४४ | |
| ०७०।०७१ | ९१४९४८१३९।८३ | ९५६४७९३।०० | ९०१७८८।०० | १९४७०१३५२।०७ | २०५१६७९३३।७२ | |
| ०७१।०७२ | १०२००००००००।०० | ९०६८९६१।११ | ७३६७६२३।०० | ३५३४५३४९८।७७ | ३६९८९९१८२।८८ | |
| जम्मा | २७२८३३३२७६।३१ | २७०८९५३७।११ | ९२११४७३।३० | ७११०४८१३६।६३ | ७४७३४९१४७।०४ | |

३ **प्रस्ताव नं. ३ अख्तियार दूरुपयोग अनुसन्धान आयोगवाट विभिन्न शिर्षकमा भएका बोर्डको खर्च प्रष्ट पार्न भनी प्राप्त भएको पत्रको सम्वन्धमा :-**

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डवाट भएका भ्रमण कार्यक्रम, इन्धन खर्च, मर्मत सम्भार र सवारी खरिद जस्ता बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट जानकारी माग भएको सम्वन्धमा आयोगको प.सं. ५/अनु/डा/२१/७१/७२ मिति २०७२।३।२८ को पत्रको जानकारी भयो । ती बिषयहरु बोर्डलाई अधिकार प्रदान गर्ने वैदेशिक रोजगार ऐन, २०६४, नियमावली, २०६४ र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्य सञ्चालन निर्देशिका, २०६८ ले निर्देश गरेका बिषय र ऐनको उद्देश्यको परिधिभित्र रही खर्च भएको बिषय सचिवालयवाटै आयोगलाई जानकारी गराउने ।

वोर्डका अध्यक्ष एवं माननीय राज्यमन्त्रीज्यूवाट धन्यवाद सहित बैठकको समापन गरियो ।

वैदेशिक रोजगार ऐनको दफा ४० (६) बमोजिम प्रमाणित

(रघुराज काफ्ले)
कार्यकारी निर्देशक

नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय बानेश्वर, काठमाडौं